म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १२३ | बिहीबार २९ मंसिर २०७९ | ने. सं. ११४३ थिंलागा | 15 December, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बेहोस अवस्थामा भेटिएकी महिलाको मृत्यु

हेटौंडा, २८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१० बसपार्कमा बेहोस अवस्थामा भेटिएकी महिलाको मृत्यु भएको छ । बसपार्कको फूलबारी गेस्ट हाउसअघिको सडक पेटिमा बेहोस अवस्थामा भेटिएकी महिलाको मृत्यु भएको हो । अन्दाजी ४० वर्षीय महिला लडेर बोहोस भएको भन्ने खबर आएपछि प्रहरीले महिलालाई हेटौंडा अस्पताल लगेको थियो । उपचारको लागि अस्पताल पुऱ्याइएकी महिलालाई अस्पतालले मृत घोषणा गरेका हो । आफूलाई सरस्वती परियार नाम बताउने उनी बसपार्क क्षेत्रमा मागेर गुजारा चलाउँदै आएकी थिइन् ।

### बागमती प्रदेशसभा सदस्यहरुको सुविधामा ५२ करोड खर्च

# सभामुख र उपसभामुखले मात्रै लिए ३ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ बागमती प्रदेशको पहिलो पाँच वर्षको कार्यकालमा सभामुख, उपसभामुख र प्रदेशसभा सदस्यहरुको तलब भत्ता र सेवा सुविधामा ५२ करोडभन्दा बढि खर्च भएको पाइएको छ ।

प्रदेशसभा सचिवालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार पाँच वर्षे कार्यकालमा सभामुख, उपसभामुख र प्रदेशसभा सदस्यहरुको तलब भत्ता र सेवा सुविधामा ५२ करोड ३८ लाख ३४ हजार ६७ रुपैयाँ खर्च भएको पाइएको हो । बागमती प्रदेशसभामा एकसय १० प्रदेशसभा सदस्य रहन्छन् ।

तीनै मध्ये सभामुख, उपसभामुख, संसदीय दलका नेताहरु चयन हुने गर्दछन् । त्यस्तैगरी, सभामुख र उपसभामुखको स्वकीय सचिवलाई पनि प्रदेशसभा सचिवालयले तलब भत्तालगायत सेवा सुविधा दिने गरेको छ । उनीहरुलाई विभिन्न शीर्षकमा पाँच वर्षको अवधिमा प्रदेशसभा सचिवालयले ५२ करोड ३८ लाख ३४ हजार ६७ रुपैयाँ खर्चिएको हो ।

उक्त अवधिमा बागमती प्रदेशसभाको सभामुख र उप सभामुखमा मात्रै ३ करोड भन्दा बढि खर्च भएको छ । प्रदेशसभा सचिवालयको आर्थिक प्रशासन शाखाका प्रमुख बालकृष्ण अधिकारीका अनुसार सभामुख र उपसभामुखको सेवा सुविधामा प्रदेशसभा सचिवालयले ३ करोड २७ लाख ७७ हजार चारसय ४७ रुपैयाँ खर्चिएको हो । उनीहरुले पारिश्रमिक वापत एक करोड ३९ लाख ७२ हजार तीनसय २१ रुपैयाँ प्रदेशसभा




सचिवालयबाट बुझेका छन् ।

सभामुख र उपसभामुखले एकलाख ३० हजार रुपैयाँको पोशाक लगाएको सचिवालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ । उनीहरुले ६० हजार रुपैयाँको पानी खाएका छन् ।

त्यस्तैगरी पदाधिकारी तथा अन्य सुविधामा एक करोड १३ लाख २८ हजार आठसय ७३ रुपैयाँ र बैठक भत्तामा दुईलाख ३५ हजार दुईसय ५० खर्च भएको छ । उनीहरुले बिजुली खर्चमा तीनलाख ३० हजार, ईन्धन खर्चमा १२ लाख ८४ हजार नौसय ८४ रुपैयाँ, विविध खर्चमा आठलाख ९२ हजार दुईसय दुई रुपैयाँ, सवारी साधनमा एक लाख १९ हजार नौ सय ९९ रुपैयाँ, कार्यक्रम खर्चमा दुई लाख २२ हजार पाँचसय ४० रुपैयाँ, महंगी भत्तामा दुई लाख ५६ हजार रुपैयाँ र भ्रमणमा २४ लाख सात हजार एकसय ७५ रुपैयाँ खर्च गरेको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार प्रदेशसभाको सभामुख र उपसभामुखको यो खर्च २०७४ देखि ०७९ को भदौसम्मको हो ।

त्यस्तै, प्रदेशसभा सचिवालयका अनुसार पाँच वर्षमा प्रदेशसभा सदस्यहरुले ३२ करोड २९ लाख छ हजार पाँचसय पाँच रुपैयाँ पारिश्रमिक लिएका छन् । सचिवालयले प्रदेशसभा सदस्यहरूलाई पाँच वर्षमा तीन करोड ९३ लाख नौ सय ८८ रुपैयाँ बैठक भत्ता दिएको जनाएको छ । त्यस्तैगरी, ईन्धन खर्चमा ७९ लाख ९० हजार चार सय ३० रुपैयाँ, सेवा र परामर्श खर्चमा १२ लाख ९५ हजार पाँचसय ४ रुपैयाँ, विविध खर्चमा ५८ लाख ६४ हजार एकसय २३ रुपैयाँ, कार्यक्रम खर्चमा एक करोड ५८ लाख १९ हजार नौ सय ७८ रुपैयाँ, खाजा र खानामा तीन लाख ५९ हजार तीन सय ५० रुपैयाँ, महंगी भत्तामा ३२ लाख १६ हजार रुपैयाँ, सूचना प्रकाशनमा १५ लाख १२ हजार आठसय ६४ रुपैयाँ र अन्य सुविधामा १३ करोड ४६ लाख १३ हजार तीनसय २७ रुपैयाँ प्रदेशसभा सदस्यहरुको लागि खर्च भएको सचिवालयले जनाएको छ ।

सचिवालयबाट मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुखबाहेक विभिन्न समितिका सभापति, सत्तापक्ष र विपक्षी दलका नेता, प्रमुख सचेतक र सचेतक, प्रदेशसभा सदस्यलाई घरभाडावापत रकम भुक्तानी दिइने गरिएको छ । प्रदेशसभा सचिवालयले प्रदेशको राजधानीमा घर नभएका सांसद्को हकमा भने प्रतिमहिना १५ हजार घर भाडावापत उपलब्ध गराउने गरेको थियो ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने सांसद्को सेवा तथा सुविधालाई व्यवस्थित गर्न २०७५ सालमा ऐन निर्माण भइसकेको र सोही अनुसार सदस्यलाई सेवा तथा सुविधा उपलब्ध गराइएको सचिवालयले जनाएको छ ।

प्रदेशसभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ अनुसार सभामुख र उपसभामुखका लागि प्रदेश सरकारले आवासको व्यवस्था गर्ने र आवासीय भवन मर्मत र सम्भार पनि सरकारले नै गर्ने व्यवस्था छ । अन्य सदस्यको हकमा अनुसूची-१ मा उल्लेख गरिएअनुसारको व्यवस्था हुने भनिएको छ । यसबाहेक फर्निचर, बिजुली, पानी, टेलिफोन, गाडी तथा आवास मर्मत सम्भार, अनुगमन जस्ता शीर्षकमा पनि हरेक महिना लाखौं रकम खर्च हुने गरेको सचिवालयले जनाएको छ ।

गत पाँच वर्षमा बागमती प्रदेशसभा सचिवालय सञ्चालन तथा कर्मचारीको तलब भत्तामा ४० करोड ८४ लाख ९८ हजार सात सय ४४ रुपैयाँ खर्च भएको छ । शाखा प्रमुख अधिकारीले उपलब्ध गराएको तथ्याङ्क अनुसार विभिन्न ३२ वटा शीर्षकमा गत पाँच वर्षमा सचिवालयले आफ्नो लागि ४० करोड ८४ लाख ९८ हजार सातसय ४४ रुपैयाँ खर्चिएको छ ।

# अनुदान रकम गाउँपालिकालाई नै फिर्ता



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ अनुदान लिएर उद्देश्यअनुसार योजना सफल नभएपछि अनुदान फिर्ता दिएको समाचार बिरलै आउने गरेका छन् । तर, मकवानपुरगढीका ६ जना युवाहरुले भने अनुदान रकम फिर्ता गरे ।

२०७६ सालमै मकवानपुर गढी गाउँपालिकाबाट लिएको अनुदान सही तरिकाले सदुपयोग हुन नसकेको भन्दै ५ नम्बर वडाका ६ जना युवाहरुले रकम गाउँपालिकालाई नै फिर्ता गरिदिएका हुन् । साबुन उत्पादन गर्ने उद्योग सञ्चालनका लागि युवाहरुले गाउँपालिकाबाट साढे ५ लाखभन्दा बढी अनुदान लिएका थिए । तर, कोरोना महामारीलगायत कारण उद्योग नियमित सञ्चालन हुन नसकेपछि उनीहरु आर्थिकरुपमा संकटमा परेका थिए । बजारमा अस्वस्थ प्रतिस्पर्धाका कारण उत्पादित साबुनले बजार पाउन नसकेपछि उनीहरुलाई उद्योग निरन्तरताको लागि अप्ठ्यारो परेको थियो । यसबीचमा विगत एक वर्षदेखि उद्योगको निरन्तरता हुने बाटो कुरिरहेका युवाहरुले अन्तत: अनुदानको रकम गाउँपालिकालाई नै फिर्ता गरिदिएका हुन् ।


गाउँपालिकाबाट बागमती साबुन उद्योगको नाममा ५ नम्बर वडाका सन्तोष घिमिरे, होमनाथ दाहाल, गोविन्दराज दुलाल, यमप्रसाद आचार्य, सुरेन्द्र तिमल्सिना र शुसील तिमल्सिनाले अनुदान लिएका थिए । आफूहरुले लिएको ५ लाख ६४ हजार ४ सय ५० रुपैयाँ अनुदानको पूरै रकम गाउँपालिकालाई नै फिर्ता गरिदिएको सञ्चालक घिमिरेले जानकारी दिए । उनीहरुले बुधबार गाउँपालिका कार्यालय पुगेर प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीलाई कार्यालयको बैंक खातामा जम्मा गरेको अनुदान र कमको भौचर र सञ्चालक समितिको निर्णय बुझाएका हुन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुडासैनीले अनुदान फिर्ता लिँदा पहिलोपटक नयाँ अनुभव भएको बताए । 'अनुदान लिएर गएपछि कोही आउँदैन थिए । मैले त तपाईहरु फेरि अनुदान माग्न आउनु भएछ भन्ठानेको फिर्ता दिन पो आउनु भएको रहेछ । पहिलोपटक नयाँ अनुभवन भयो', उनले भने ।

अनुदान लिनेमध्ये अधिकांश वैदेशिक रोजगारीबाट फर्किएका हुन् । विदेशबाट फर्किएर गाउँमै स्वरोजगार हुन खोजेका उनीहरुलाई परिस्थतिले साथ नदिएपछि अनुदान रकम फिर्ता दिएका हुन् । तत्कालीन गाउँपालिका अध्यक्ष बिदूर हुमागाईले स्वदेशमै उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्दै ६ जना युवाहरुलाई सामूहिकरुपमा अनुदान उपलब्ध गराएका थिए । कम क्षमताको मेशिन र कोरोना महामारीलगायत कारण अपेक्षा अनुसार उद्योग चलाउन नसकिएको सञ्चालक घिमिरेले बताए । अनुदानबाट ५ वटा मेशिन खरिद गरेर त्यतिबेलै उत्पादन सुरु गरिएको उनले बताए ।

कोभिड-१९ का कारण व्यवसाय फस्टाउन नसकेको, जडान गरेका उपकरण पटक-पटक बिग्रँदा र थप क्षमताको मेशिन खरिद गर्न नसकेको कारण उद्योग सञ्चालन गर्न समस्या देखिएपछि रकम फिर्ता गरेको गाउँपालिकालाई जानकारी दिइएको छ । 'सर्वसाधारणले तिरेको करबाट लिएको अनुदान सदुपयोग गर्न नसकेपछि जस्ताको त्यस्तै फिर्ता गर्नुपर्छ भनेर हामीले दिएका हौं,' घिमिरेले भने । आफूहरुले गत माघमै अनुदान फिर्ता गर्न खोजेपनि मेसिन बिक्रीबाट रकम प्राप्त हुन ढिलाई भएपछि नसकेको उनी बताउँछन् ।

# पालुङ जेसीजको अध्यक्षमा तीन जनाको उम्मेदवारी



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको अध्यक्ष पदमा तीन जनाले उम्मेदवारी दिएका छन् । जेसीज वर्ष २०२३ का लागि अध्यक्ष पदमा तीन जनाको उम्मेदवारी परेको हो ।

अध्यक्ष पदमा वर्तमान कानुनी सल्लाहकार संगम कार्की, निरज रायमाझी र बिक्रम गोपालीले उम्मेदवारी दिएको जेसीजका निर्वाचन आयुक्त नवराज लामाले जानकारी दिए । उम्मेदवारी दिएका तीन जना नै वर्तमान समितिमा थिए । वर्तमान कार्यसमितिमा कार्की कानुनी सल्लाहकार, रायमाझी महासचिव र गोपाली कोषाध्यक्ष थिए । यसैगरी, पालुङ जेसीजको दुई कार्यकारिणी उपाध्यक्ष पदका लागि ४ जनाको उम्मेदवारी परेको छ । माधव कार्की, मानसिं दोङ, अञ्जय प्रधान र दीपा बलले उम्मेदवारी दिएका हुन् ।

चार उपाध्यक्ष पदका लागि ५ जनाको उम्मेदवारी परेको छ । उपाध्यक्षमा नारायण तामाङ, अजय कार्की, प्रकाशबहादुर चन्द, अजित कार्की र मनिष अधिकारीले उम्मेदवारी दिएको निर्वाचन आयुक्त लामाले जानकारी दिए । १ पुसमा पालुङ जेसीजको साधारणसभा तथा अधिवेशन हुँदैछ ।

साधारणसभाको सबै तयारी सकिएको जेसीज अध्यक्ष जयराम खत्रीले जानकारी दिएका छन् । उनले आज बिहीवार बिहान उम्मेदबारहरुको तालिम हुने जनाएका छन् । जेसीजले हरेक वर्ष नयाँ नेतृत्व चयन गर्ने गर्दछ ।

# बागमती सरकारले ल्यायो 'प्रदेश कृषि विकास अध्यादेश'

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ बागमती प्रदेश सरकारले कृषिसम्बन्धी 'प्रदेश कृषि विकास अध्यादेश' ल्याएको छ ।

अध्यादेश बागमती प्रदेश राजपत्रमा समेत प्रकाशित भइसकेको छ । नेपालको संविधानको धारा २०२ को उपधारा १ बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले अध्यादेश जारी गरेका थिए ।

अध्यादेशको परिच्छेद २ मा कृषि, व्यवसाय र बजारीकरणसम्बन्धी व्यवस्थामा किसान सूचीकरण, कृषि व्यवसाय सञ्चालन, व्यवसाय सूचीकृत, अनुमतिपत्र लिने व्यवस्था, वर्गीकरण, अनुमतिपत्र रद्द गर्नसक्ने व्यवस्था, न्यूनतम समर्थन मूल्य तोक्नसक्ने व्यवस्था र मूल्यसूची टाँस्ने जस्ता व्यवस्था उल्लेख छ । यो व्यवस्थाले कृषि क्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि जस्ता कार्यक्रमलाई न्यायोचित, प्रभावकारी र पारदर्शी ढंगबाट व्यवस्थापन गर्न र कृषि क्षेत्रको नियमन कार्यलाई सहज र व्यवस्थित ढंगबाट कार्य सञ्चालन हुने बताइएको छ ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बर मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

यही २०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अब कुरामात्र होइन काम

लामो समयको राजनीतिक उत्तरचढाबपश्चात् हाल नेपालमा स्थानीयतहको निर्वाचनपश्चात् स्थानीय सरकारहरु गठन भएका छन् । हालैमात्र प्रदेश र संघीय सरकार गठनका लागि निर्वाचन सकिएर सरकार गठनको तयारी हुँदैछ । नेपाल विकासोन्मुख देश हो । लामो समयसम्म राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनको कारण देशले विकासमा गति लिन सकेन । दशवर्षे माओवादी सशस्त्र युद्ध, दुईवटा संविधानसभाको निर्वाचनको कारण करिब २५ वर्ष नेपालमा विकासको कामै भएन भन्दा फरक पर्दैन । नयाँ संविधान प्राप्त भएपछि एउटा सरकारले आफ्नो कार्यकाल सकेको छ । देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको पाँच वर्ष पूरा भएको छ । अब दोस्रो काल सुरु भएको छ ।

स्थानीय, प्रदेश र संघीय सरकारको नेतृत्वमा गरेको दलहरुले यो पाँच वर्षमा अपेक्षाकृत काम गर्न सकेका छैनन् । जुन कुराको सन्देश गत २०७९ मंसिर ४ गते भएको निर्वाचनबाट जनताले केही मात्रामा दिएका छन् । अब यो सरकारले जनताको महत्वपूर्ण मागहरुको सम्बोधन गर्दै अगाडि बढ्नुको विकल्प छैन । गणतन्त्र नेपालको पहिलो सरकार केपी शर्मा ओलीले नेतृत्व गरेपनि ठूलाठूला महत्वकांक्षी योजनाहरु जनतामाझ पस्किने काममात्र भयो । स्थीर सरकारको अपेक्षासहित तत्कालीन अवस्थामा नेकपालाई जनताले स्पष्ट बहुमत दिएका थिए । तर, निर्वाचनको समयमा आफ्नो घोषणापत्र जनतालाई देखाएर भारी बहुमत साथ सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष तथा प्रधानमन्त्री हुँदा ओलीले जनतालाई देखाएको आशा केवल आशामै सीमित हुन पुग्यो । उनले दुई पटक संसद् विघटन गरेर जनतामा निराशा पैदा गरे । त्यसपछि बनेको काँग्रेस नेतृत्वको गठबन्धन सरकारले हालसम्म नेतृत्व गरिरहेको छ । यो सरकारले पनि जनताको लागि खासै उल्लेख्य काम गर्न सकेको अवस्था छैन । अब जनतालाई आश्वासन बाँड्नेमात्र होइन काम गरेर देखाउने चुनौती रहेको छ । सरकारले अब धेरै बोल्ने होइन काम गर्ने हो । अहिले जनता समृद्धिको आशामा छन् । त्यसकारण अब सरकार धेरै महत्वकांक्षी बनेर भन्दा पनि जनताको दैनिकीलाई सरल बनाउने गरी अगाडि बढ्नुपर्ने हुन्छ ।

देश चरम आर्थिक मन्दीमा छ । उद्योगधन्दा धरासयी हुने अवस्थामा छन् । बैंकको ब्याज बढ्दो अवस्थामा छ । समयमा मल नपाउँदा कृषि उत्पादन घट्ने क्रममा छ । यहि अवस्था रहिरहने हो भने भविष्यमा आर्थिक संकट पैदा भएर जनताहरु भोकमरीको विकराल समस्यामा फस्ने अवस्था नआउला भन्न सकिन्नँ । त्यसैले अब बन्ने सरकारले जनतालाई ठूलाठूला सपना देखाउने, चर्को भाषण गरेर आशा मात्रै बाँड्ने होइन । काम गरेर देखाउनु पर्दछ । त्यसैले दूरदर्शी योजनासहित अगाडि बढ्न सक्ने सरकार गठन गर्नु अहिलेको अपरिहार्यता हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १ गते शुक्रबार १६ डिसेम्बर २०२२ । अष्टमी पौष कृष्णपक्ष । थिंलागा ११४३ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# निरन्तर लोकतन्त्रको उपहास



**अच्युतप्रसाद पौडेल "चिन्तन"**

आम जनमत र निर्वाचनले लोकतन्त्र फस्टाउने हो । हाम्रो देशमा राणा शासनमा लोकतन्त्र भएन भनियो, पंचायती व्यवस्थामा पनि धेरै नेपालीले शाहदत प्राप्त गरे । लोकतन्त्रबाट देशको समृद्धि खोजियो र आर्थिक विकास, जनताको जीवनस्तर उकास्ने प्रयास भयो ।

देशबासीका नाममा रोजीरोटीको समस्या नहोस्, मौलिक हकको उन्नत प्रयोग गर्न पाइयोस्, मानव अधिकार कतै कहीँबाट उलंघन नहोस् भन्ने उद्देश्यले जनताले तातो गोली खाए । कैयन सहिद भए र ज्यूँदा सहिद पनि धेरै रहे । तर देशमा संविधान सभाबाट संविधान जारी भएर दोस्रोपल्ट आम निर्वाचन सकिँदा पनि हाम्रो लोकतन्त्र हिजोको कुरुप प्रणालीभन्दा अघि बढ्न भने सकेको देखिएन । नदेशमा समृद्धि र रोजगारी न देशमा मानव अधिकार, न आर्थिक विकास, बरु आम जनता प्रचलित शासन शैली देखेर अवाक् भएका छन् । त्यसको पछिल्लो उदाहरण समृद्धिको खाका तयार गर्दै देशबासीलाई सेवा प्रवाह गर्न अघि बढ्नु पर्ने सरकार आफू सत्ता टिकाउन अनेकौं रणनीति तयार गर्दै रहेको, निर्वाचन भइसकेको परिणाम समेत आइसकेको जनमतको कदर नगरी अदालतमा भएका मुद्दालाई प्रभाव पार्ने गरी राणा शासन शैलिको अध्यादेश जारी गर्ने तरखरमा रहेको छ ।

सिधा चुनावमा हेमिन नसक्ने तर राष्टिय आवश्यता महसुस गरिएका व्यक्तिको नीतिनिर्माण तहको पहुँच होस् भन्ने मनसायमा स्थापित गरिएको समानुपातिक प्रणालीको गलत प्रयोग गरिँदैछ । छुट्टै दल भएका निर्वाचनमा आइसकेका दल प्रमुखलाई नै समानुपातिकमा छिराइने प्रथा सुरु भएको छ । आम निर्वाचनको घोषणा भइसकेर राजीनामा दिनु नपर्ने सरकार, आम निर्वाचनमा हार खाएका सदस्यले नैतिकताको आधारमा राजीनामा नदिने सदस्य बोकेर सरकार सन्चालित भएको देखियो ।

चुनावमा हारेका पात्र गृहमन्त्री भइरहँदा उनकै बाहुलीबाट तयार भएको मुद्दा फिर्ता लिनेसम्बन्धी कानुन संशोधन गर्न अध्यादेशको तयारी हुन्छ । उनकै परिवारका सदस्यले समानुपातिकको सदस्यता पाउने मात्रै होइन प्रधानमन्त्री पत्नीले पनि खस आर्यका लागि तोकिएको समावेशी कोटाबाट सदस्यताको स्वीकार हुन्छ ।

राजनीतिका चर्चित खेलाडी पुर्खाको विरासत बोकेका विमलेन्द्र निधि पिछडिएको मधेशी कोटाबाट समानुपातिक सांसद बन्छन् । खस आर्यको पीछडिएको कोटाबाट अघि नै मन्त्री भइसकेका प्रकाशशरण महत सांसद बन्छन्, अर्काको भाग खोसेर आफू पदमा पुग्न लालयित हाम्रा देशका नेताबाट सन्चालित लोकतन्त्रको यो भद्दा मजाक सायद अरु देशमा देखिन्न ।

छुट्टै दलका प्रमुख परिवारदलबाट एमालेले एकनाथ ढकाललाई समानुपातिकमा प्रवेश गराउँछ भने अन्यान्य सबैजसो दलले आ-आफ्नो स्वार्थ बोकेकै कारण देशमा भएको राजनैतिक परिवेशलाई हलुको ढंगले हेरिएको स्पष्ट हुन्छ । वंशानुगत, पारिवारिक र केवल स्वार्थले प्रेरित भएर गरिएको अभ्यासले लोकतन्त्र कुनै हालतमा फस्टाउँदैन । त्यसको गलत अभ्यास त प्रजातन्त्रको पुनर्बहाली र संसारको उत्कृष्ट भनिएको नेपालको संविधान २०४७ अनुसार पनि पंचायती व्यवस्थाका धुकधुकी सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्दलाई दलहरुले पटक पटक देशको प्रधानमन्त्री बनाउनुले पहिले नै पुष्टि गरेको थियो ।

अझ भन्नुपर्दा ४६ सालको जन आन्दोलनलाई प्रतिकार गर्दै पञ्चायतको अन्तिम धुकधुकीसम्म प्रतिरक्षा गर्ने र देशको गृह प्रशासन सम्हाल्ने कमल थापालाई संघीय प्रणाली गणतन्त्रका उपप्रधान मन्त्रीको पद दिलाएर विश्व बजारमा संविधान सभाले बनाएको भनिएको धर्म निरपेक्ष संविधानलाई उत्तम भन्न लगाइएको थियो । ती अहिले जनअनुमोदित नहुँदा आफ्नो दलको चिह्न परवर्तन गर्दै गणतन्त्रका सम्बाहक भनिएका चतुर खेलाडी एमाले सूर्य पद चिह्न लिँदै चुनावमा हौसिन प्रेरित गरियो । गणतन्त्रका यी अभ्यास प्रायश: अध्यादेशी शैलीका छन् ।

दल फुटाउन अध्यादेशको प्रयोग, सधैं आवश्यक नागरिकता वितरणमा अध्यादेशको प्रयोग, ढुंगा माटो निर्यात गर्न अध्यादेशको प्रयोग मात्रै गरिएन, देशमा एकै वर्षमा सार्वभौम भनिएको प्रतिनिधिसभाको दुईपल्ट घाँटी निमोठ्ने काम पनि यही लोकतन्त्रमा भएको हो ।

पछिल्लोपल्ट लोकतन्त्रको उपहार भनिएको राज्यका ३ अंगको स्वतन्त्र प्रणाली भनिँदै गर्दा पासै नहुने प्रधान न्यायाधीशको महाअभियोग मात्र लगाइएन लोकतन्त्रको उपहास हुने गरी कार्यपालिकाको एकछत्र शैली सुरक्षा निकायको प्रयोग गरेर प्रधान न्यायाधीशलाई झण्डै एक वर्ष कामै गर्न दिइएन । जुन देशका सर्वोच्च अदालतका प्रमुख नै मुद्दा खेप्छन् त्यही देशमा अदालतमा विचाराधीन भएका मुद्दालाई प्रभाव पर्ने गरी, अध्यादेश ल्याइन्छ, कानुन नै संशोधन गरिन्छ । ताजा जनादेश आइसकेको सन्दर्भमा शीघ्र संसद आह्वान गरी मन्त्रिपरिषद देशले धान्न सक्ने सानो आकारको बनाई लोकतन्त्रको आदर्श संसारलाई देखाउनु पर्नेमा सत्ता स्वार्थ, आफैँलाई टिकाइ राख्न, आफूलाई निर्वाचनमा अपुग सांसद पूर्ति गरी आयु लम्ब्याउने नियतबाट जेलमा बसेर मुद्दा खेपिरहेका व्यक्तिलाई सरकारमा ल्याउन सकिने अध्यादेश तयार पारेर राष्ट्रप्रमुख सामु पेश गर्ने वातावरण तयार भइरहँदा सचेत जन समूहबाट चौतर्फी आलोचना भइरहेको देखिन्छ ।

यसले ताजा जनादेशको अपमान गरेको छ, लोकतान्त्रिक मूल्य र मान्यतामा प्रहार भएको छ, राजनीतिमा परिवार हावीभएको प्रसंग समानुपातिक प्रणालीले स्पष्ट गरेको छ । दलीय प्रणालीको घोर अपमान त चुनावमा नै देखिएको हो, आफ्ना दलका कार्यकर्तालाई अर्को दलको चुनाव चिह्नमा मत हाल्न भनियो । सिधै अन्य दलका प्रमुखलाई भित्र्याएर चुनाव प्रसारमा जाने काम भयो । जनताले यो अप्राकृतिक गठबन्धनलाई रुचाएनन् र कतिको धरौटी नै जफत भयो । कोही त राष्ट्रिय दल पनि बन्न सकेनन् । त्यतिले नपुगेर काठमाडौं जस्तो सचेत मतदाता बस्ने ठाउँबाट धेरै स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरे । जसले जिते गठजोडबाट ती आफै सन्तोष नभएको अवस्था छ ।

लोकतन्त्रमा एकपछि अर्को प्रहार हुन गएको छ, कैलाली घटनाको सत्य तथ्य छानबिन गरी प्रतिबेदन दिन गठित गिरिशचन्द्रलालको आयोगले चौध महिना लगाएर अध्ययन गरेर शेरबहादुर देउवालाई दिएको प्रतिवेदन, प्रतिवेदन बुझेको पाँच वर्षपछि उनै प्रधानमन्त्री, निर्वाचन पराजित गृहमन्त्रीको मन्त्रालयमा थन्कने त्यो प्रतिवेदन सार्वजनिक नहुँदै तिनै गृह मन्त्रीले तयार पारेको अध्यादेश उनै प्रधानमन्त्रीले स्वीकार गर्दै तिनैलाई कारागारबाट छुटाई सरकारमा अंकगणित पुर्याउने ? यो धोकोले लोकतन्त्रको थप उपहास भएको ।

यसअघि अध्यादेशको बाढी ल्याएको भन्दै एमाले ओलीको सर्वत्र आलोचना गरियो । तर अहिले नेपाली कांग्रेस जसले युग इतिहास बोकेको लोकतन्त्रको एकमात्र पहरेदार, मानवअधिकारवादी, सुशासनको हिमायती भनिर हँदा कार्यकर्ता किन मौन बस्छन् । यसले दलका संस्थापक बीपी, गणेशमान, कृष्णप्रसादको आत्माले के भन्छ ? के ३२ वर्षपछि मेलम्चीको सर्वत केही दिनका लागि चुहियो भन्दैमा भट्टाईको गुणगान मात्र गरेर पुग्छ ? दलको आदर्श र निष्ठालाई समाप्त पार्ने गरी व्यक्तिगत स्वार्थमा सत्ता चलाउन, अप्राकृतिक गठबन्धन टिकाइराख्नु हो कंग्रेसको आदर्श ? काठमाडौंमा बालेनको विजय चितवनमा रवि, जुम्लामा ज्ञानेन्द्र पश्चिममा हमाल, ज्ञवालीहरुको उपस्थिति अनि पूर्वका हर्कको उपस्थितिबाटै लोकतन्त्रका सम्बाहक भनिएकाहरुलाई चेत खुल्नु पर्ने होइन र ? जनताका सारा मुद्दा ओझेलमा छन्, देश आर्थिक विषम परिवेश र विदेशी ऋणमा डुबेको छ, व्यापारघाटा चुलिएको र मतदाता जति विदेशिएका, भएका मतदाता पनि आधाआधी मत हाल्नै नगएको परिवेशलाई दलहरुले किन मनन नगरेका ? आम जनताको खुसीमा दलका नेताहरु खुसी हुनुको साटो समानुपातिकबाट आएका पन्चायतका हस्ती पशुपति शमशेर राणाबाट प्रत्यक्ष निर्वाचित सांसदहरुको शपथ हुनुपर्ने अवस्थाले लोकतन्त्रलाई के सन्देश दिन्छ ? देशको मौलिक पद चिह्नमा फर्कनु पर्ने संकेत हो कि होइन यो ?

चोलेन्द्र शमशेरलाई प्रधान न्यायाधीश बनाउने दलको कोटा हो कि होइन ? हो भने यति ठूलो बेइज्जत र देशको स्वतन्त्र न्यायपालकाको के अर्थ हुन्छ ? स्वतन्त्र विधायिकाको के अर्थ रहन्छ ? जब कि त्यहीँका महासचिव अदालतमा मुद्दाघा खेप्छन्, उनको पत्रलाई ठाडै अस्वीकार गरिन्छ, के उनी नेताले भनेका चिठीमा मात्र सही गर्ने व्यक्ति मात्र हुन्, त्यत्रो निकायमा कानुनका कति मानिस छन्, नहेरी पत्रमा दस्तखत गरे ? लोकतन्त्रमा स्वतन्त्र विधायिका, स्वतन्त्र न्यायपालिका भन्ने आदर्श अब कहाँ बाँकी रह्यो त । कर्मकाण्डी शैलीमा संसद आह्वान गर्ने कानुन भने अध्यादेशबाट आउने हो भने श्री ३ राणाहरुको शासन उत्तम रहेछ किन नभन्ने ? कम से कम तिनका पालामा यति धेरै देश चुस्ने संयन्त्रहरु त थिएनन्, राजाका पालामा यति धेरै संयन्त्र हुँदा हुन् भने के कुन खर्चले देश चल्थ्यो होला ।

अहिलेकालाई जस्तो भूतपूर्वहरुले पनि यति ठूलो संख्यामा सुरक्षा, यति धेरै राज्यको ढुकुटी दोहन, यति धेरै उपचार खर्च, सर्प पाल्न समेत करोडौं रकम र मरणोपरान्त नेताका नाममा राखिने राज्यकोषको रकमले के संकेत गरेको छ ? जुन देशमा एक लिटर पेट्रोलको मूल्य जम्मा जम्मी ८९ हुन्छ तर बिक्री मूल्य भने १८१ हुन्छ । अनि संसारकै पानीको धनी भएको देशमा १२२ वर्षको अन्तरालमा जम्माजम्मी सरकारी निकायले उत्पादन गर्ने बिजुली २ हजार २ सय मेगावाट मात्रै हुन्छ, स्वदेशमै २ हजार ३ सय मेगावाटको माग छ, अनि त्यही देशमा बिजुलीको मूल्य हेर्दा कोठामा बत्तीसम्म पूरै बाल्न नसक्ने उपभोक्ता छन् । चूह्लो प्रयोग भनी मूल्य घटाइँदैन र भारतलाई नपुगेर बंगलादेशलाई बिक्री गर्न खोजिन्छ, बिजुली उपयोग नभएर खेर गयो भनिन्छ ।

गतवर्षसम्म नजिक भारतबाट आयात गरिएको अवस्थालाई नजरअन्दाज गरिन्छ, त्यो देशको नीति निर्मातालाई के भन्ने ? यहाँ मानव अधिकारको ठूलो कुरा गरिन्छ, भ्रष्टाचार नियन्त्रणको पनि । तर कैलाली घटनामा १८ महिने अबोध दूधे बालकको गोली लागेर मृत्यु हुने घटनाको अध्ययन प्रतिवेदन सार्वजनिक हुनुको साटो त्यतै त्यतै देखिने पात्रहरुको मुद्दा फिर्ता लिने गरी अध्यादेश आउन खोज्छ भने हाम्रो लोकतन्त्र, यसको सुन्दरपक्ष भनिएको निर्वाचन अनि जनमतको के अर्थ रहन्छ त ? *(साभार: खबरहब)*

# डिसेम्बरको दैनिकी

**सुरेन्द्र नेपाल श्रेष्ठ**

डिसेम्बर महिनाको नामकरण ल्याटिन शब्द मभअझ बाट राखिएको हो । जसको अर्थ हो, दश । पुरानो रोमन क्यालेन्डर मार्च महिनामा सुरु हुन्थ्यो । दश महिनाको मात्र एक वर्ष भएकाले यो अन्तिम महिनालाई डिसेम्बर भनिएको हो । रोमन सिनेटले १५३ ईसापूर्वमा क्यालेन्डर परिवर्तन गर्दा वर्षको सुरुवात जनवरी र दोस्रो महिना फेब्रुअरी हुँदा डिसेम्बर बाह्रौं महिना हुन पुग्यो । तर यसको नाम भने पुरानै कायम रह्यो । ३१ दिन हुने सात महिनामध्ये यो सातौं वा अन्तिम महिना हो । दक्षिणी गोलार्धमा यो महिना गर्मी महिनाको र उत्तरी गोलार्धमा जाडो महिनाको पहिलो महिना हो ।

डिसेम्बर महिनामा संसारभरि नै विभिन्न कार्यक्रमहरूसहित निम्न दिवस मनाउने गरिन्छ :

१ विश्व एड्स दिवस, २ दासत्व उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस, ३ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस, ४ बैंकहरूको अन्तर्राष्ट्रिय दिवस, ५ आर्थिक र सामाजिक विकासका लागि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस र विश्व माटो दिवस, ७ अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस, ९ नरसंहारको अपराध र यस अपराधको रोकथामका पीडितहरूको सम्झना र सम्मानको अन्तर्राष्ट्रिय दिवस, ९ अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी दिवस, १० मानव अधिकार दिवस, ११ अन्तर्राष्ट्रिय पर्वत दिवस, १२ अन्तर्राष्ट्रिय तटस्थता दिवस र अन्तर्राष्ट्रिय विश्वव्यापी स्वास्थ्य कवरेज दिवस, १८ अरबी भाषा दिवस र अन्तर्राष्ट्रिय आप्रवासी दिवस, २ अन्तर्राष्ट्रिय मानव एकता दिवस, २७ अन्तर्राष्ट्रिय महामारी तयारी दिवस ।

विश्वका सबै देशहरूमा आफ्नो इतिहासमा महत्व राख्ने दिनहरूलाई सम्झना गर्दै राष्ट्रिय छुट्टी दिने चलन छ । यस्ता दिनहरूमा प्राय:जसो ठूला देश वा साम्राज्यबाट स्वतन्त्र भई सार्वभौम राष्ट्र भएको दिनलाई मानिन्छ । यो महिनामा १ तारिखमा पोर्चुगल, ६ तारिकमा फिनल्यान्ड, ९ मा तान्जानिया, १६ मा कजाकिस्तान र बहराइन २४ मा लिबिया र २९ मा मंगोलियाले आफ्नो स्वतन्त्रता दिवस मनाउँछन् ।

१ डिसेम्बरमा रोमानियाले एकीकरण दिवस मनाउँछन् भने मध्य अफ्रिकी गणतन्त्रले राष्ट्रिय दिवस मनाउँछन् । त्यसै गरी संयुक्त अरब इमिरेट्स, भुटान र कतारले क्रमश: २, १७ र १८ तारिखमा राष्ट्रिय दिवस मनाउछ्न् । त्यस्तै ५ मा थाइल्यान्डको राजा फुमिफोन जन्मदिन, १२ मा केन्यामा जम्हुरी दिवस, १६ मा बंगलादेशमा विजय दिवस, २३ मा जापानी सम्राट् अकिहितोको जन्मदिन मनाउने चलन छ ।

विश्वभर डिसेम्बरमा विभिन्न प्रकारका उत्सवहरू मनाउने गरिन्छ । स्थानीय रुपमा आफ्नो कला संस्कृतिलाई जगेर्ना गर्दै देशभित्र र बाहिरका पाहुनाहरूलाई आकर्षण गर्ने यो एउटा महत्वपूर्ण माध्यम हो । नयाँ वा परापूर्वदेखि चल्दै आएका यस्ता पर्वहरूमा स्थानीय रीतिरिवाज अनुसारको भेषभूषा, खानपिन, बाजागाजा प्रदर्शन गरिन्छ । विशेषत: डिसेम्बर महिनामा भने प्राय: सबै देशमा क्रिसमस र नयाँ वर्षको चहलपहल हुने हुँदा सबैमा छुट्टै प्रकारको भाव पैदा भएको देखिन्छ । यति बेला सुरु हुने मेलाहरू एक दिनदेखि सय दिन सम्म पनि चल्ने गर्दछ ।

यो महिनामा मनाइने प्रख्यात पर्वहरूमा डिसेम्बर २ देखि जनवरी २३ सम्म एम्स्टर्डम, नेदरल्यान्डमा हुने एम्स्टर्डम लाइट फेस्टिवल, १ देखि ११ सम्म हुने डिकेन्स फेस्टिभल- डेबेन्टर, नेदरल्याण्ड, डिसेम्बर २७ देखि सात जनवरीसम्म चिराङ, असम, भारतमा हुने चिराङको द्विजिङ पर्व, २५ देखि ३ सम्म काली, कोलम्बियामा हुने फेरिया दे काली, डिसेम्बर २७ देखि जनवरी १ सम्म वुडफोर्ड, क्वीन्सल्याण्ड, अष्ट्रेलियामा हुने वुडफोर्ड लोक महोत्सव, १७ डिसेम्बरमा कोन्या, टर्कीमा हुने मेभलाना महोत्सवहरू मुख्य हुन् ।

त्यस्तै लामो रुपमा मनाइनेमा २३ डिसेम्बर देखि २८ फेब्रुवरीसम्म चीनमा हुने हार्बिन आइस एण्ड स्नो फेस्टिवल, नोभेम्बर १ देखि २ फेब्रुवरी १ दिनसम्म कच्छ, गुजरात, भारतमा चल्ने रण उत्सव र नियाग्रा फल्स, ओन्टारियो, क्यानाडामा ११ दिन चल्ने शीतकालीन लाइट पर्वहरू प्रख्यात छन् । नयाँ वर्षको पूर्वसन्ध्या अघिल्लो रात संसारका सबै देशहरूमा हर्षोल्लासका साथ जमघट र आतेसबाजी गर्ने चलन प्रथाका रुपमा नै स्थापित भइसकेको छ ।

यस वर्ष नेपालमा डिसेम्बर ८ मा उँधौली पर्व, योमरी पुन्ही, धान्य पूर्णिमा, गैडु पूजा र डिसेम्बर ३ तमु ल्होसार र श्वेत-मत्स्येन्द्रनाथ स्नान पर्व मनाइन्छ । मङ्सिर पूर्णिमाका दिन दत्तात्रेय जयन्ती पर्दछ । यो धान्य पूर्णिमाका नामले पनि प्रसिद्ध छ । यो दिन पहाडी क्षेत्र र अन्य स्थलमा बसोबास गर्ने पहाडी समुदायले कुल पूजा र गोठ पूजा गरी गैडु पूजा गर्ने विधान छ । किरात समुदायको उँधौली पर्व र नेवारहरूले यो पूर्णिमालाई योमरी पुन्ही भन्छन् ।

अहिले संसारमा अति प्रचलित हुन पुगेको प्रेम दिवस अर्थात् भ्यालेन्टाइन डे जस्तै नेवारी परम्परामा धेरै अगाडिदेखि चलेको थियो । योमरी पुनीको (यो भनेको मन पर्ने र मरी भनेको रोटी हो) दिन त्यति बेला टोलटोलमा केटाकेटीहरू एक अर्काको घरमा योमरी माग्न जाने चलन थियो । आफूलाई मन पर्ने केटा वा केटीसँग यही अवसरमा कुराकानी भई भोलि पल्ट कतै भेट्ने समय मिलाइने हुँदा त्यो दिनलाई मतिना पारु भन्ने चलन थियो भनिन्छ । नेपाल भाषामा मतिनाको अर्थ प्रेम र पारुको अर्थ प्रतिपदा भएको हुदा योमरी पुनिको भोलि पल्ट पौष कृष्ण पक्षको प्रतिपदा अर्थात थिन्ला गा:पारुको दिनलाई प्रेम दिवस हो भन्न सकिन्छ ।

गुरुङ समुदायले पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गरेर 'तमु ल्होसार' पर्व मनाउँदै छन् । 'ल्हो'को अर्थ वर्ष र 'सार'को अर्थ फेरिनुभएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । तमु ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रुपमा भव्यरुपमा मनाउँछन् ।

प्रत्येक महिना पर्ने संक्रान्ति अर्थात् सूर्यले एउटा राशिबाट अर्को राशिमा प्रवेश गर्ने दिनलाई सबै देशमा महत्व दिने गरिन्छ । त्यसमध्ये पनि जाडो मौसम र गर्मी मौसममा पर्ने दुईवटा संक्रान्तिलाई (जुन डिसेम्बरको २१ वा २२ र जुन महिनाको २ वा २१ मा पर्दछ) झन् विशेष महत्व दिइन्छ । यस वर्ष शीतकालीन सक्रान्ति, जसलाई हाइबरनल संक्रान्ति पनि भनिन्छ । डिसेम्बर २१ मा परेको छ । यस दिन बहराइन अमेरिकी सामोआ, मलेसिया, जापान र मकाउमा सरकारी बिदा नै दिइन्छ । यस दिन सूर्यले सबैभन्दा छोटो बाटो यात्रा गर्ने हुँदा सबैभन्दा छोटो दिन र लामो रात हुने गर्दछ ।

बौद्ध धर्म अवलम्बन गर्ने श्रीलंका बुद्धको जन्म पूर्णिमाको दिन भएर पनि हुन् सक्छ प्रत्येक महिनाको पूर्णिमाको दिन त्यहाँ सरकारी बिदा दिने चलन छ । यी प्रत्येक दिनको आफ्नै नाम छन् र त्यसले बौद्ध धर्ममा प्रमुख घटनाहरूको सम्झना गराउँछन् । यस वर्ष डिसेम्बर सातमा परेको अन्दुवाप पूर्णिमा पोया दिवस वर्षको अन्तिम पूर्णिमाको दिन मनाइन्छ । यो श्रीलंकाको इतिहासमा एक महत्वपूर्ण छुट्टी हो । यो बिदा अनुराधापुरामा अशोककी छोरी संगमिताले भारतको पवित्र जय श्री महाबोधीबाट बोको बिरुवा ल्याएको दिन भनेर मानिन्छ । उनले यो पवित्र बो बिरुवालाई सुनको कचौरामा श्रीलंका ल्याइएको थियो र त्यसपछि अनुराधापुराको महामेवना बगैंचामा रोपिएको थियो । पछि यस रुखका बो बिरुवालाई बुद्ध दर्शन र संस्कृति फैलाउन श्रीलंकाको अन्य भागमा पनि लगिएको उल्लेख छ । यी दिनहरूमा, पसल र व्यापार सामान्यतया बन्द रहने र मासु र रक्सी बिक्री निषेध गरिन्छ । यस दिन हजारौंको संख्यामा बौद्ध भक्तहरू अनुराधापुरामा पवित्र बो रूखलाई श्रद्धाञ्जलि अर्पण गर्न आउँछन् । यसबाहेक, संगमिताले काठको काम, कृषि, स्वदेशी औषधि आदि जस्ता शिल्प र विषयहरूमा पनि आफ्नो विविध सीपहरू फैलाएकी थिइन्, जसले देशको विकासमा मद्दत गरेको थियो । आज पनि विश्वको सबैभन्दा पवित्र रुख महामेवना उयानामा रहेको जयश्री महाबोधिलाई मानिन्छ । बुद्धले भारतको बिहारमा रहेको बोधिवृक्षमुनि ध्यान गरेर बुद्धत्व प्राप्त गरेको इतिहासमा उल्लेख छ । बुद्धले आफ्नो जीवनकालमा श्रीलंकाको भ्रमण गरेका थिए पनि भनिन्छ ।

अन्य देशहरू अरु समयामा जस्तै यो महिनामा पानामामा डिसेम्बर ८, इन्डोनेसियामा डिसेम्बर २२ मा आमा अनि बुल्गेरियामा डिसेम्बर २६ का दिन बुबालाई विशेष सम्मान गरिन्छ ।

डिसेम्बर २ मा घानामा किसान दिवस, डिसेम्बर ५ मा कोस्टारिकामा सेनाको उन्मूलन दिवस, डिसेम्बर ६ युक्रेनमा सेना दिवस, अल्बानियामा डिसेम्बरमा राष्ट्रिय युवा दिवस, मोजाम्बिकमा डिसेम्बर २५ मा पारिवारिक दिवस, भानुअतुमा डिसेम्बर २७ मा पारिवारिक दिवस, २९ डिसेम्बरमा भारतमा गुरु गोविन्दसिंह जयन्तीको अवसरमा सरकारी बिदा नै दिने गरिन्छ ।

डाक्टर जोसे रिजाल (Rizal) फिलिपिन्सलाई स्पेनको दासत्वबाट मुक्त गराउने अभियानका एक हस्ती थिए । उनि पेसाले डाक्टर अनि उपन्यासकार थिए । उनको १८८७ मा प्रकाशन भएको उपन्यास 'Nolif\me Tanger' को कारण त्यहा क्रान्ति अगाडि बढेको ठानी उनको हत्या गरिएको थियो । डिसेम्बर ३, १८९६ मा, रिजाललाई बागुम्बायनको मैदानमा फायरिङ स्क्वाडद्वारा मृत्युदण्ड दिइएको थियो । यद्यपि उनले कुनै पनि लडाइँमा भाग लिएका थिएनन् तर उनी पक्राउ परे र देशद्रोहको मुद्दा चलाइयो । फिलिपिन्स स्वतन्त्र भएपछि सन् १८९८ मा, फिलिपिन्सका प्रथम राष्ट्रपति, एमिलियो अगुनाल्डोले स्पेनिस औपनिवेशिक शासनकालमा हताहत भएकाहरूको सम्मानका लागि राष्ट्रिय शोकको रूपमा प्रत्येक वर्षको डिसेम्बर ३ का दिन रिजाल डे मनाउने घोषणा गरेका थिए ।

बाँकी पृष्ठ-३ मा.....

# ‘भगवत् गीता’मा किन धिरज नै ?



काठमाडौं/नेपालीमा एउटा उखान छ, ‘घुमिफिरी रुम्जाटार’। झरना थापाको निर्देशन र सुनिल कुमार थापाको निर्माणमा बन्न लागेको फिल्म ‘भगवत् गीता’को हकमा यो उखान दुरुस्तै मिल्छ । किनभने, दशैंभन्दा अगाडि मुख्य अभिनेताको अफर धिरज मगरलाई गरिएको थियो । तर, धिरजले चर्को पारिश्रमिक भनेपछि कुरा अगाडि बढेन । अन्तत: उनै धिरजको फिल्ममा सरप्राइज इन्ट्री भएको छ ।

धिरजले पहिला ४० लाख पारिश्रमिक मागेका थिए । अनमोल केसीलाई पनि यो रकम नतिरेका झरना र सुनिल धिरजलाई ४० लाख तिर्न कसरी तयार हुन्थे र ! यसपछि उनीहरु धिरजको विकल्प खोज्न थाले । अडिसन पनि आह्वान गरे । तर, फिल्मको कथाले मागेको जस्तो पात्र भने भेटेनन् । उता फिल्म ‘बाबरी’को असफलताले रन्थनिएका धिरजले फिल्ममा काम गर्न ‘ग्रिन सिग्नल’ दिए । दुई महिनाअघि पारिश्रमिकले भाँडिएको कुरा अन्तत: रातारात मिल्यो । धिरजलाई ‘बाबरी’ले दिएको असफलताको चोट पुर्न एउटा बलियो टिमको फिल्म चाहिएको थियो । र, ‘ए मेरो हजुर’ जस्तो सफल फिल्मको टिम नै उनलाई उपयुक्त लाग्यो । उता झरना र सुनिललाई मंगोलिन अनुहार नै चाहिएको थियो । यसरी हेर्दा उनीहरुबीच रातारात कुरा मिल्नुमा दुवै पक्षको स्वार्थ जोडिएको छ ।

धिरजलाई फिल्ममा साइन गराएपछि सन्तोषको सास फेरेका निर्माता थापालाई सोधेको ‘घुमिफिरी रुम्जाटार नै भयो है ?’ प्रश्नको जवाफमा उनले हाँस्दै भने, ‘घुमिफिरी रुम्जाटार भन्दा पनि घुमिफिरी आफैं कुरा मिल्यो । हामीलाई मंगोलियन फेस भएकै नायक चाहिएको थियो । त्यसैले फिल्ममा धिरजको विकल्प नै थिएन । हामीले अरु खोज्ने प्रयास नगरेका पनि होइनौं, तर भेटेनौं ।’

के त्यसो भए अडिसन आह्वान नाटक थियो ? जवाफमा उनले भने, ‘हामी अडिसनबाट कलाकार लिन्छौं । बच्चा तीन जना लिँदैछौं, जसमा एकजना त फाइनल नै भैसकेको छ । बाँकी २ जना बाल कलाकार पनि चाँडै छान्छौं । फिल्ममा अर्को महत्त्वपूर्ण पुरुष पात्र पनि चाहिएको छ, त्यो पनि अडिसनबाट नै लिन्छौं ।’ यो लभस्टोरी फिल्ममा धिरजको जोडी अभिनेत्री सुहाना थापासँग बाँधिनेछ ।

# वर्षाको उतार चढावपूर्ण करिअर



काठमाडौं/डेब्यू फिल्म नै सुपरहिट हुने भाग्यमानी कलाकारको सूचिमा पर्छिन् वर्षा राउत । विकासराज आचार्यको दुहुनो गाईं मानिने फिल्म ‘नाईं नभन्नू ल’को चौंथो सिरिजबाट उनले अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । फिल्म त हिट भयो नै, उनको अभिनयको पनि प्रशंसा भयो । त्यसपछि ‘छक्का पञ्जा’ले उनको लोकप्रियता थप चुल्यायो । ‘जात्रा’को सफलताले पनि उनलाई ठूलो फाइदा दियो ।


उनको हिट फिल्मको सूचिमा ‘छक्का पञ्जा २’, ‘जात्रै जात्रा’, ‘दाल भात तरकारी’ र ‘मिस्टर झोले’, ‘के घर के डेरा’ पनि पर्छन् । तर, उनी सोलो अभिनेत्री रहेको हिट फिल्म भने ‘जात्रा’ सिरिज मात्र हो । अन्य हिट फिल्ममा नाम चलेका अभिनेत्रीहरुको झुण्ड नै थियो । यद्यपि, उनीसँग फ्लपभन्दा हिट फिल्म धेरै छन् । उनका ‘मेरो पैसा खै ?’, ‘गोपी’, ‘चौका दाउ’, ‘लाखे’ फिल्म फ्लपमा दरिन्छन् ।

हिट र फ्लप फिल्मका कारण उनको करिअर उतार चढावपूर्ण देखिए पनि ६ वर्ष लामो करिअर सुखद् मान्न सकिन्छ । उनले फिल्म नचल्दा हरेस खाइनन्, सफल हुँदा आफ्नो धरातल विर्सिनन् । लकडाउनको समयमा आफ्नो एक अभिव्यक्तिले निम्त्याएको विवाद र अष्ट्रेलियामा भएको ‘जात्रै जात्रा’को शोमा उपस्थित हुँदा लगाएको बोल्ड पहिरनले बनेको ट्रोल, उनले भुल्न नसक्ने तीतो क्षण हो ।

नेपाली फिल्ममा उनको जसरी सुखद् उदय भयो, त्यसरी उनले आफूलाई अभिनयमा प्रमाणित गर्न सकेकी छैनन् । उनी अझैसम्म स्टीरियोटाइप भूमिकामै सीमित छिन् । अब आफूलाई कलाकारितामा लामो रेसको घोडा बनाउन उनी फिल्म र चरित्र छनोटमा गम्भीर हुनुपर्छ । संख्या बढाएर ‘लेडी राजेश हमाल’ हुने वा गुणस्तरमा ध्यान दिने, वर्षाले आफ्नो कित्ता छुट्याउन आवश्यक छ ।

उनै, वर्षा राउत बुधवार बाट २९ वर्षमा लागेकी छन् । उनलाई सामाजिक सञ्जालको माध्यमबाट फिल्मकर्मीसँगै शुभचिन्तकहरुले जन्मदिनको शुभकामना दिइरहेका छन् । उनलाई श्रीमान् संजोग कोइरालाले पनि विशेष रुपमा बर्थडे विस गरेका छन् । २०७५ साल फागुन २ गते उनले संजोगसँग लगनगाँठो कसेकी थिइन् । उनीहरुलाई नेपाली फिल्म क्षेत्रको ‘चखेवाको जोडी’ भन्ने गरिन्छ ।

# ‘अवतार’ले गर्‍यो बक्स अफिसमा आँधीको संकेत



काठमाडौं/यस वर्ष बैशाखदेखि कात्तिकसम्मको महिना नेपाली फिल्मका लागि सुखद् रह्यो । यो सात महिनामा अपेक्षित र अनपेक्षित दुवैखाले फिल्मले बक्स अफिसमा बाजी मारे । तर, मंसिर लागेसँगै नेपाली फिल्मको व्यापार चिसिएको छ । यो महिना प्रदर्शनमा आएका तीन/चारवटा नेपाली फिल्मले दर्शकको चर्को अभाव झेले । चुनाव, चिसो मौसम र वर्ल्डकपले गर्दा पनि व्यापारमा असर पर्‍यो ।

फिल्म ‘महापुरुष’ रिलिज पछि चिसिएको नेपाली बक्स अफिस अब हलिउड फिल्म ‘अवतार’ले तताउने देखिएको छ । शुक्रवार बाट नेपालमा प्रदर्शन हुन लागेको यो फिल्मलाई मल्टीप्लेक्सहरुले उपलब्ध गराएको शो संख्या र टिकट बुकिङको अवस्था हेर्दा नेपाली बक्स अफिसमा आँधीको संकेत गर्छ । बिहीवार साँझसम्म मल्टीप्लेक्सहरुमा टिकट हाहाकार हुने अवस्था देखिएको छ ।

नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले टूडी र थ्रीडी गरी ‘अवतार’लाई आफ्नो ११ वटा स्टेशनमा ८० शो उपलब्ध गराएको छ । यस वर्ष प्रदर्शन भएको साउथ फिल्म ‘आरआरआर’पछि क्यूएफएक्स चेनमा सर्वाधिक शोज पाउने ‘अवतार’ दोस्रो फिल्म हो । तर, नेपाली दर्शकले टूडीमा फिल्म हेर्न रुचि देखाएका छैनन् । थ्रीडीकै टिकट आक्रामक रुपमा बिक्री भइरहेको छ ।

त्यस्तै, वान सिनेमाजले नयाँ बानेश्वर र कालिमाटी गरी दुई स्टेशनमा २१ शो, एफक्युब, आइएनआइ र सिनेप्लेक्स मुभिजले समान १२/१२ शो, बिग मुभिज, क्युज र बिएसआरले समान १०/१० शो, सिडिसी र रन्जना सिनेप्लेक्सले ८/८ शो र किर्तिपुर सिनेप्लेक्सले ४ शो बाँडेका छन् । ‘अवतार’का कारण मल्टीप्लेक्सहरुले प्रदर्शनरत नेपाली तथा विदेशी फिल्मको शोमा भारी कटौती गरेका छन् ।

मल्टीप्लेक्समा पाएको शो र आक्रामक बुकिङ हेर्दा ‘अवतार’ले नेपालमा डेढ करोडमाथि ओपनिङ गर्ने प्रक्षेपण गरिएको छ । यो फिल्मको पहिलो श्रृंखला करिब एक दशक अगाडि प्रदर्शनमा आएको थियो र ब्लकबस्टर भएको थियो । जेम्स क्यामरुन निर्देशित फिल्ममा सैम वर्थिङटन, जो साल्डाना, सिगौरनी वीवर, केट विन्स्लेट, स्टेफेन ल्याङलगायतका नामी कलाकारहरुको अभिनय छ ।

# डिसेम्बरको दैनिकी...

संसारभरि डिसेम्बर २५ मा जेसस क्राइस्टको जन्मदिनको रुपमा मनाउने गरेको क्रिसमसबारे सबैको एकमत छैन । अहिले पनि विश्वका १४ देशहरू, इजिप्ट, इरिट्रिया, इथियोपिया, म्यासेडोनिया, रूस, मोन्टेनेग्रो, बेलारुस, सर्बिया, ग्रीस, युक्रेन, बुल्गेरिया, मोल्डोभा, जर्जिया, इजरायलमा , अन्यत्र भन्दा १३ दिन पछाडि अर्थात् जनवरी ७ मा मात्रै क्रिसमस मनाउने चलन छ । यी देशका नागरिकहरू अहिले पनि जुलियन क्यालेन्डरअनुसार यो पर्व मनाउने गर्दछन् ।

अर्को रमाइलो विषय इजरायलमा क्रिसमस तीन पटक मनाइन्छ । क्याथोलिक, प्रोटेस्टेन्ट र रुसी अर्थोडक्स चर्चहरूले डिसेम्बर २५ मा, ग्रीक अर्थोडक्स, सिरियाली अर्थोडक्स, कप्टिक अर्थोडक्स र रोमानियाली अर्थोडक्स चर्चहरू, अन्यहरू लगायतले जनवरी ६ मा र आर्मेनियाली अर्थोडक्स चर्चले जनवरी १८ मा क्रिसमस मनाउँछन् । जुलियन क्यालेन्डरअनुसार क्रिसमस मनाउने देशहरूका केही परम्पराहरू समान देखिन्छन् । यो अवधिमा उपवास र दान कार्यहरू गर्ने समय मानिन्छ भने ४ दिनसम्म माछा मासु खाने गरिँदैन । क्रिसमसको पूर्वसन्ध्यामा १२ परिकारहरूसहित पारिवारिक विशेष रात्रिभोज गर्ने चलन छ । तर केहीले भने क्रिसमसको पूर्वसन्ध्यामा व्रत बस्ने र भोलिपल्ट आकाशमा पहिलो तारा देखेपछि मात्रै खाने चलन छ ।

क्रिसमसको पछिल्लो दिनलाई बक्सिङ डे भन्ने चलन छ । पहिला धनी वा साहुहरूले २५ मा क्रिसमस मनाउने र त्यसको भोलिपल्ट नोकर चाकर वा गरिबहरूले छुट्टी लिएर पर्व मनाउने चलन थियो । सामूहिक रुपमा क्रिसमस मनाउन सजिलो होस् भनेर चर्चमा चन्दा बाकस राखिने र त्यो बाकस खोलिने दिन भएको हुँदा यो नामकरण भएको थियो भन्ने पनि छ । नोकर चाकर हरू २५ को दिन पकाउने सर सफाइ गर्नमा नै व्यस्त हुने हुँदा भोलि पल्ट मात्रै फुर्सद हुने र मालिकहरूले दिएको उपहार खोल्ने दिन भएकोले पनि बक्सिङ डे भनिएको हो भन्ने छ । तर आधुनिक युगमा यी सबै भनाइहरू मिथक जस्तो मात्रै लाग्ने हुन्छ नै । अहिले भने यो दिन बजारमा सबै सामानको मूल्य घट्ने हुँदा प्राय: सबै किनमेलका लागि बाहिर जाने चलन चलेको छ । प्राय: सबै देशले यो दिन राष्ट्रिय छुट्टी दिने गर्दै आएको पनि छ । २६ तारिख शनिबार वा आइतबार परेको वर्षमा भने सोमबार पनि बिदा दिने गरिन्छ ।

अमेरिकाका ४६ राष्ट्रपति मध्ये यो महिना तीन जना जन्मिएका थिए । यी हुन् डिसेम्बर ८ मा मार्टिन भान बरेन, १७ मा एन्ड्रु जोहन्सन र २८ मा उड्रो विल्सन । त्यस्तै बेलायतका ५७ जनामध्ये २९ औं प्रधानमन्त्री बेन्जामिन डिजराइली २१ डिसेम्बर र तीसौं प्रधानमन्त्री विलियम इवार्ट ग्लाडस्टोन २९ डिसेम्बर दुईजना मात्र यो महिनामा जन्मेका हुन् । त्यस्तै कम्युनिस्ट नेताहरू स्टालिन र माओ क्रमश: ९ र २६ मा जन्मेका हुन् । भारतका पाँचौं प्रधानमन्त्री चरण सिंह २३ डिसेम्बर, दसौं प्रधानमन्त्री अटल बिहारी बाजपेयी २५ डिसेम्बरमा र बारौं प्रधानमन्त्री इन्दरकुमार गजुरल डिसेम्बर ५ मा जन्मेका हुन ।

नेपाल राज्यको एकीकरण गर्ने राजा पृथिवीनारायण शाह डिसेम्बर २५ जन्मेका थिए भने गणतन्त्रका पहिलो प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको जन्मदिन डिसेम्बर ११ हो । त्यस्तै भारतमा जन्मेका विश्वभरि प्रख्याति पाएका आध्यात्मिक गुरु रामदेव र दार्शनिक ओशो क्रमश: डिसेम्बर २५ र ११ मा जन्मेका हुन् ।

२० औं शताब्दीका केही प्रख्यात नागरिक अधिकार नेताहरू, मार्टिन लुथर किङ, जुनियर, डब्ल्यूईबी डु बोइस, र थुरगुड मार्सलसँगसँगै काम गरेका तर धेरै प्रचारमा नआएका, एला बेकरको जनमा र मृत्यु एकै दिन हुने थोरैमध्ये एक हुन् । उनको जन्म डिसेम्बर १३, १९३ मा भर्जिनियामा भएको थियो र ८३ वर्षपछि सन् १९८६ मा सोही दिन उनको निधन भयो । त्यस्तै हवाईका राजा कामेहामेहा वीको, डिसेम्बर ११, सन् १८७२ मा आफ्नो ४२ औं जन्मदिनमा मृत्यु भयो भएको थियो ।

*(साभार: ई-कागज)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## विश्वकप-२०२२

# पहिलोपटक फाइनल पुग्ने मोरक्कोको सपना अधुरै

## फ्रान्स लगातार दोस्रोपटक फाइनलमा

**फ्रान्स लगातार दोस्रोपटक विश्वकप फुटवलको फाइनलमा प्रवेश गरेको छ । बुधबार मध्यराति भएको सेमिफाइनल खेलमा मोरक्कोलाई २-० ले पराजित गर्दै फ्रान्सले फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो ।**





काठमाडौं/अफ्रिकी राष्ट्र मोरक्को पछिल्लो समय नयाँ शक्ति राष्ट्रको रुपमा उदाएको छ । विश्वकपमा पाँचौ पटक सहभागिता जनाइरहेको मोरक्कोले बलिया टोलीलाई हराउँदै पहिलो पटक सेमिफाइनलसम्मको यात्रा गरेको थियो ।

बुधबार मध्यराति भएको खेलमा फ्रान्ससँग २-० ले पराजित भएपछि मोरक्कोको पहिलोपटक विश्वकपको फाइनलमा पुग्ने सुवर्ण मौका गुमाएको हो । मोरक्कोले अब तेस्रो स्थानका लागि क्रोएसियासँग शनिबार राति खेल्नेछ ।

पहिलो अरब तथा अफ्रिकी पावर हाउसको रुपमा उदाएको मोरक्कोले अहिले विश्वभर थुप्रै समर्थक बनाएको छ । विश्वकप अघि गुमनाम मोरक्को अहिले सबैको मन र मस्तिष्कमा अमुक छाप छाड्न सफल भएको छ ।

मोरक्कोले यो अघि विश्व विजेता स्पेन र बलियो पोर्चुगललाई हराउँदै सेमिफाइनलमा साविक विजेता फ्रान्सको सामना गरेको थियो ।

विश्वकप इतिहासमा मोरक्कोले अविश्वसनीय प्रदर्शन गर्यो । पहिलो पटक सेमिफाइनल पुगेपछि मोरक्कोका प्रशिक्षक वालिड रिग्रागुईले अहिले नै उपाधि जितेको महसुस गरेको बताएका थिए । पछिल्लो दुई दशक यता स्पेनिस फुटबलले दबदबा बनाएको मोरक्कोले यो विश्वकपबाट बलियो पहिचान बनाएको छ ।

समुह चरणमा क्रोएसिया सँग गोलरहित बराबरी गर्दै विश्वकपको यात्रा सुरु गरेको फ्रान्सले दोस्रो खेलमा बेल्जियमलाई २-० ले हराएको थियो । क्यानडालाई २-१ ले हराएको मोरक्कोले स्पेनलाई टाइब्रेकरमा ३-० ले हराएको थियो । क्वार्टरफाइनलमा पोर्चुगललाई १-० ले हराउँदै पहिलो पटक सेमिफाइनल पुगेको मोरक्को फ्रान्ससँग २-० ले पराजित हुँदै उपाधि होडबाट बाहिरिएको हो ।

पहिलो पटक सन् १९७० मा पहिलो पटक विश्वकपमा सहभागिता जनाएको थियो । विश्वकपमा पहिलो पटक छनोट चरण पार गर्दै इतिहास बनाएको मोरक्कोले त्यो लयलाई निरन्तरता दिन भने सकेन ।

त्यसपछिका ३ विश्वकपमा छनोट हुन नसकेको मोरक्कोले १९६ मा दोस्रो पटक विश्वकपमा सहभागी भयो । पहिलो पटक सहभागी हुँदा समुह चरणमै सिमित बनेको मोरक्कोले दोस्रो पटक भने नकआउट चरणसम्मको यात्रा तय गरेको थियो । १९९० मा फेरि छनोट चरण पार गर्न नसकेको मोरक्कोले १९९४ र १९९ मा समुह चरणमा मै सीमित बन्यो । त्यसपछिका २००२ देखि २०१४ सम्म छनोट हुन नसकेको मोरक्को २०१८ मा भने समुह चरणमै सिमित बनेको थियो ।

विश्वकपमा आफुलाई बलियो टोलीको रुपमा स्थापित गर्न सर्घष गरिरहेको मोरक्कोले कतार विश्वकपमा भने अविश्वसनिय प्रर्दशन गर्यो ।

# विश्वकप फुटबलको उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने





काठमाडौं/विश्वकप फुटबलको उपाधिका लागि साविक विजेता फ्रान्स र अर्जेन्टिना भिड्ने भएका छन् । बुधबार राति मोरक्कोलाई २-० ले पराजित गर्दै फ्रान्सले लगातार दोस्रो पटक फाइनलमा स्थान बनाएको हो ।

अर्जेन्टिना यसअघि मंगलबार राति क्रोएसियालाई पराजित गर्दै फाइनलमा पुगिसकेको छ । यसअघि यी दुवै टोलीले समान २ पटक विश्वकप जितेका छन् ।

१९९८ मा पहिलो पटक ब्राजिललाई पराजित गर्दै उपाधि जितेको फ्रान्सले गएको विश्वकपमा क्रोएसियालाई पराजित गर्दै दोस्रो पटक उपाधि उचालेको थियो ।

अर्जेन्टिनाले १९७८ मा नेदरल्याण्ड्सलाई पराजित गर्दै पहिलो पटक उपाधि जितेको थियो । १९८६ मा जर्मनीलाई पराजित गर्दै अर्को उपाधि थप्यो । त्यसपछि २ पटक फाइनलमा पुगे पनि अर्जेन्टिनाले उपाधि थप्न सकेको छैन ।

१९९० र २०१४ मा जर्मनीसँग फाइनलमा पराजित भएको थियो । त्यसअघि पहिलो विश्वकपमा पनि अर्जेन्टिना फाइनलमा पुगेको थियो । यो सँगै अर्जेन्टिना छैटौं पटक विश्वकपको फाइनल खेल्न लागेको हो ।

फ्रान्स भने यसअघि फाइनलमा एक पटक मात्रै पराजित भएको छ । २००६ मा इटलीसँग पराजित भएको थियो । यो उसको चौथो फाइनल हो ।

विश्वकप फुटबलमा यी दुई टोली तेस्रो पटक भेट भएका हुन् । पहिलो पटक १९७८ मा समूह चरणमा भेट हुँदा अर्जेन्टिनाले फ्रान्सलाई २-१ ले पराजित गरेको थियो । गएको विश्वकपमा अन्तिम १६ मा भेट भएका थिए । जसमा फ्रान्सले अर्जेन्टिनालाई ४-३ ले पराजित गरेको थियो ।

फाइनलसम्म आइपुग्दा यी दुवै टोली एक एक खेलमा पराजित भएका छन् । समूह चरणको पहिलो खेलमा अर्जेन्टिना साउदी अर ेवियासँग पराजित भएको थियो । समूह चरणकै अन्तिम खेलमा फ्रान्स ट्युनिसियासँग पराजित भएको थियो ।

अन्तिम १६ मा फ्रान्सले पोल्याण्डलाई र अर्जेन्टिनाले अष्ट्रेलियालाई पराजित गरेको थियो । क्वार्टरफाइनलमा फ्रान्सले इंग्ल्याण्डलाई पराजित गरेको थियो । अर्जेन्टिनाले नेदरल्याण्ड्सलाई पराति गरेको थियो ।

सेमिफाइनलमा भने दुवै टोलीले एउटै समूहबाट आएका राष्ट्रसँग पराजित गरेका हुन् । समूह एफमा रहेका मोरक्को र क्रोएसियाले समूह चरणको पहिलो खेलमा गोलरहित बराबरी खेलेका थिए ।

जारी विश्वकप फुटबलमा यी दुवै टोलीका ४ फरवार्ड गोल्डेनबुटको दाबेदार समेत छन् । अर्जेन्टिनाका मेस्सी र फ्रान्सका एम्बाप्पेले समान ५ गोल गर्दा फ्रान्सका जिरुड र अर्जेन्टिनाका अल्भारेजले समान ४ गोल गरेका छन् । मेस्सी र एम्बाप्पे व्यावसायिक फुटबल भने एउटै क्लब पीएसजीबाट खेल्छन् ।

**“तपाई हामी सबैको कुरा”**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमाः ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# सांसद्लाई बधाईसंगै समस्याको पोको

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ मकवानपुर जिल्लाका उद्योगी व्यवसायीहरुले गत मंसिर ४ मा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट निर्वाचित सांसद्हरुलाई संयुक्त रुपमा बधाई ज्ञापन तथा स्वागत गरेका छन् ।




हेटौंडामा बुधबार साँझ नारायणी यातायात व्यवसायी संघ, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर, निर्माण व्यवसायी संघ मकवानपुर, होटल एशोसिएसनले नवनिर्वाचित सांसद्हरुलाई बधाई ज्ञापन गरेका हुन् । मकवानपुर क्षेत्र नं. १ बाट निर्वाचित दीपकबहादुर सिंह, क्षेत्र नम्बर २ बाट निर्वाचित महेशकुमार बर्तौला, प्रदेशसभाका सदस्यहरु प्रेमबहादुर पुलामी, एकालाल श्रेष्ठलाई बधाई ज्ञापन गरिएको हो ।

नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हिरालाल श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले मकवानपुरको उद्योग, व्यापार र व्यवसायीहरुको अवस्था, समस्या र चुनौतीमा सहकार्य गरेर अघि बढ्न सांसद्हरुलाई आग्रह गरे ।

अध्यक्ष गुप्ताले आर्थिक मन्दीका कारण अधिकांश उद्योग, व्यवसायहरु निरन्तर सञ्चालनको लागि अप्ठ्यारोमा परेको भन्दै राज्यले समस्या पहिचान गरेर समाधान दिनुपर्ने बताए । झन्झटिलो प्रक्रिया, कानुनी तथा नीतिगत अप्ठ्याराहरुले उद्योग/व्यवसाय जेलिएको अवस्था रहँदै आएको उनले बताए । आर्थिक मन्दीको समस्यामा परेका उद्योग र व्यवसायलाई उतार्न सरकारले ढिलाई गरिरहेको अध्यक्ष गुप्ताको भनाइ छ । आर्थिक संकटको अवस्थामा बैंक ब्याज चर्किनुले थप समस्या बनाइराखेको धारणा राखे । अध्यक्ष गुप्ताले बागमती प्रदेशको राजधानीमै नापतौल कार्यालयको व्यवस्था गरेर व्यवसायीहरुलाई सहज सेवाको प्रत्याभूति हुने अवसर दिलाउन सांसद्हरुलाई आग्रह गरे ।

नारायणी यातायात व्यवसायी संघका अध्यक्ष श्रेष्ठले यातायात क्षेत्रको पनि समस्या, अवस्था र चुनौती समाधान गर्न सरकार अग्रसर हुनुपर्ने धारणा राखे । श्रेष्ठले पेट्रोलियम पर्दाथको मूल्य बृद्धि हटाउनु पर्ने, भाडादर कम भएकोले बढाउनुपर्ने, व्यवस्थित सडक सञ्जाल हुनुपर्ने, तौलपुल व्यवस्थित हुनुपर्ने, ट्रकलाई पार्किङ स्थान हुनुपर्ने माग राखे । उद्योग संघ मकवानपुरमा अध्यक्ष स्वागतराज प्याकुरेलले मकवानपुरमा उद्योगीहरुको अवस्था समस्याग्रस्त रहेको बताए । उनले आर्थिक संकट र उत्पादित वस्तु विक्री वितरणमा गिरावट आएकाले उद्योग सञ्चालनमा समस्या देखिएको जनाए । घाउमा मल्हम लगाउनु पर्नेमा उद्योगीहरुलाई औद्योगिक क्षेत्रको जग्गा भाडा बृद्धि गरेर, बैंक ब्याजदर बृद्धि भएर थप पीडा दिएको उनको भनाइ थियो । बाह्य वस्तु आयात बढ्नुले उद्योगीहरु समस्यामा परेको बताए ।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष श्यामसुन्दर ढकालले निर्माण व्यवसाय पनि उद्योगसरह धरासयी बन्दै गइरहेको तर्फ सचेत गराए । निर्माण सामग्रीको महंगीले गर्दा काम गर्न समस्या भइरहेको उनको भनाइ थियो । होटल एशोसिएसन मकवानपुरका अध्यक्ष दीलिशगोविन्द जोशीले मकवानपुरमा होटल र पर्यटनलाई जोडेर संघीय सरकार र प्रदेश सर कारले काम गर्नुपर्ने बताए । पर्यटन र होटल व्यवसायको लागि मकवानपुर उपयुक्त रहेकाले आवश्यक कार्य गर्न उनको आग्रह थियो ।

व्यवसायीहरुको गुनासो र समस्यामात्रै सुनिरहेका सांसद्हरुले समाधानको लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् । समस्या समाधानमा व्यवसायी र उद्योगीहरुसँग सहकार्य गर्दै निरन्तर लाग्ने सांसद् सिंह र बर्तौलाले विश्वास दिलाए । उनीहरुले केन्द्रीयस्तरमा यहाँका समस्याबारे जानकारी गराउँदै तत्काल समाधानको बाटो खोजिने बताएका छन् । व्यवसायी र उद्योगीहरुको समस्या हटाउन प्रदेश तहबाट गर्न सकिने काममा कुनै कमि हुन नदिने प्रदेशसभा सदस्यहरु श्रेष्ठ र पुलामीले वचन दिएका छन् ।

# चुच्चेखोलाको घर टहरा भत्काउन ७ दिने सूचना जारी

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ हेटौंडा-६ चुच्चेखोलामा रहेको घर टहरा भत्काउन ७ दिने सूचना जारी भएको छ ।

कान्तिलोकपथ सडक खण्डमा पर्ने घर टहरा भत्काउन ६ नम्बर वडा कार्यालयले ७ दिने सूचना जारी गरेको हो । कार्यवाहक वडाअध्यक्ष बिजय पौडेलद्वारा हस्ताक्षरित सूचनामा सडकखण्ड निर्माणका लागि सडकको दायाँबाँयाका सडकको क्षेत्राधिकारभित्र पर्ने घर टहरा भत्काउन आग्रह गरिएको छ ।

सूचनामा सडकको क्षेत्राधिकारभित्र पर्ने घर टहरा भत्काउन भनिएको छ । वडा नम्बर-१७ ले सोही सडकखण्डको चुच्चेखोला क्षेत्राधिकारभित्र पर्ने घर टहरा भत्काउन २१ दिने सूचना प्रकाशित गरेको थियो ।

## जेसीआई हेटौंडाद्वारा बृहत् स्वास्थ्य शिविर

# ३० जनामा देखियो मोतियाबिन्दु

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ जेसीआई हेटौंडाले गरेको बृहत स्वास्थ्य शिविरमा ३० जनामा मोतियाबिन्दु समस्या देखापरेको छ ।

जेसीआई हेटौंडाले पूर्वी मकवानपुरको बकैया गाउँपालिका-६ स्थित जुइना आधारभुत स्वास्थ्य केन्द्रमा बुधबार सञ्चालन गरेको बृहत् स्वास्थ्य शिविरमा ३० जनामा मोतियाबिन्दु समस्या देखापरेको हो । स्वास्थ्य शिविरमा दुईसय ७४ जनाको मोतियाबिन्दु परीक्षण गर्दा ३० जनामा मोतियाबिन्दु भएको पाइएको जेसीआई हेटौंडाका महासचिव विकेशलाल श्रेष्ठले जानकारी दिए ।

जेसीआई हेटौंडाको आयोजना तथा नेपाल परिवार नियोजन संघ मकवानपुर, हेटौंडा सामुदायिक आँखा अस्पताल र जेसीआई बकैयाको संयुक्त सहकार्यमा शिविर भएको थियो ।



मोतियाबिन्दु देखापरेका बिरामीहरुलाई शल्यक्रियाका लागि बिहीबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा ल्याइने महासचिव श्रेष्ठले बताए । उनले मोतियाबिन्दुको समस्या देखापरेकाहरुलाई बिहीबार हेटौंडा ल्याएर शल्यक्रिया गरिने र शनिबार गाउँ फर्काइने बताए ।

शिविरमा ९१ जना महिलाले इम्प्लान्ट सेवा लिएको श्रेष्ठले बताए । जेसीआई हेटौंडाका अध्यक्ष पवनकुमार कंशाकारको सभाध्यक्षता तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पालिकाका उपाध्यक्ष भक्त बहादुर खत्री, ६ नम्बर वडाध्यक्ष फूलमान बोम्जन, कार्यक्रम संयोजक श्रवण कुमार बर्तौलालगायत संस्थाका पदाधिकारीहरुको उपस्थिति थियो ।

# जग्गा माग्दै हेटौंडा आए घट्टेखोलाका चेपाङ



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ आफूले उपभोग गर्दै आइरहेको जग्गा माग गर्दै विकट राक्सिराङका चेपाङ हेटौंडा आइपुगेका छन् । जिल्ला समन्वय समितिमा आएर राक्सिराङ-३, स्थित घट्टेखोलाका चेपाङहरुले जग्गा मागेका हुन् ।

जिसस प्रमुख ललितबहादुर घलानसमक्ष आएर घट्टेखोलामा रहेका २९ घरधुरी चेपाङहरुले तत्कालीन सरकारले बस्नका लागि दिएको जग्गा मागेका हुन् । जिसस प्रमुख घलान, उप-प्रमुख सानुकाजी लुइँटेल, जिल्ला समन्वय अधिकारी सुनिताकुमारी गजुरेललाई भेटेर उनीहरुले जग्गाको स्वामित्व मागेका हुन् । उनीहरुले हाल बसिरहेको जग्गा ३१ वर्षदेखि भोगचलन गर्दै आएको बताएका छन् । भूमिहीन चेपाङ खाद्य अधिकार समूहको टोलीले रामचन्द्र प्रजाको नेतृत्वमा आएको टोलीलाई जिससका जनप्रतिनिधिसँग भेट गराएको हो ।

तत्कालीन राक्सिराङ-५, ८ र ९ नमबर वडा (हालको ३ नम्बर वडा) जिल्ला विकास समिति मकवानपुर र प्रजा विकास कार्यक्रमको पहलमा स्थान्तरण गरिएको ९ घर धुरी चेपाङहरुको हाल परिवार संख्या बढेर २९ घरधुरी भएको उनीहरुले जानकारी गराए ।

घट्टेखोलामा स्थान्तरण गर्दा नम्बरी जग्गा व्यक्तिबाट किनेर स्थान्तरण गरिएको थियो । जग्गा किन्ने श्रोतको जोहो तत्कालीन जिल्ला विकास समितिको समन्वयमा नेपाल सरकारले गरेको थियो । जिसस प्रमुख घलानले जिल्ला समन्वय समितिले चेपाङहरुलाई गर्नुपर्ने सहयोगमा कुनै कमी नहुने प्रतिबद्धता जनाए ।

# गाउँपालिका राष्ट्रिय महासंघको सदस्यमा मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान गाउँपालिका राष्ट्रिय महासंघको सदस्यमा निर्वाचित भएका छन् ।

संघीय राजधानी काठमाडौंमा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनबाट मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष मुक्तान गाउँपालिका राष्ट्रिय महासंघको सदस्यमा निर्वाचित भएका हुन् । ३६ जना निर्बिरोध निर्वाचित भएको मध्येमा मकवानपुरका मुक्तान पनि निर्वाचित भएका छन् ।

महासंघको अध्यक्षमा नवलपुरको हुप्सेकोट गाउँपालिकाकी अध्यक्ष लक्ष्मी पाण्डे निर्वाचित भएकी छन् । निर्बिरोध निर्वाचित भएपछि प्रतिक्रिया दिंदै मुक्तानले गाउँपालिकाको समस्यालाई केन्द्र सरकार र प्रदेश सरकारसँग समन्वय गर्न सक्रिय भूमिका निर्वाह गर्ने बताए ।

# माओवादी केन्द्रमा प्रदेश संसदीय दलको नेता बन्न रस्साकस्सी

काठमाडौं, २८ मंसिर/ सात प्रदेश सभातर्फ प्रत्यक्षमा ५४ सिट र समानुपातिकतर्फ २९ सिट सहित कुल ८३ सिट ल्याएको माओवादी केन्द्रमा संसदीय दलको नेता बन्ने रस्साकस्सी सुरु भएको छ ।

संसदीय दलको नेता नै भावी मुख्यमन्त्री समेत हुने भएकाले नेताहरुबीच दलको नेता बन्न रस्साकस्सी सुरु भएको हो । सात प्रदेशमध्ये बागमती र कर्णाली प्रदेशमा दलको नेता बन्न आकांक्षीहरू तुलनात्मक रूपमा धेरै भएकाले ती प्रदेशमा नेताहरुबीच कडा प्रतिस्पर्धा हुनसक्ने बताइएको छ । आकांक्षीहरु बीच एकल अर्कोलाई छोड्ने स्थिति नभएकाले पनि त्यहाँ दलको नेता चयनबारे चासो बढ्दै गएको छ ।

प्रदेश नम्बर एकको प्रदेश सभामा माओवादी केन्द्रले १३ सिट जितेको छ । प्रत्यक्षमा ९ सिट जितेको माओवादीले समानुपातिकमा ४ सिट मात्रै जितेको छ । प्रत्यक्षमा चुनाव जित्नेमा इन्द्रबहादुर आङबो, राजेन्द्र कार्की, दुर्गाप्रसाद चापागाई, गणेशप्रसाद उप्रेती, जीवन आचार्य, गोम्बु शेर्पा, बाबुराम गौतम,राजन किराँती, नारायणबहादुर मगर छन् । यस्तै समानुपातिकमा बन्दना झागर, सम्झना तामाङ, गीता तिम्सेना र सपन दर्जी छन् ।

यो प्रदेशमा संसदीय दलको नेतामा इन्द्रबहादुर आङबो हुने सम्भावना रहेको प्रदेश एकका माओवादी अध्यक्ष हर्कबहादुर नेम्वाङको भनाइ छ । नेम्वाङ यसअघि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री समेत भैसकेको तथा पार्टीको समेत सिनियर नेता भएकाले उनलाई चुनौती दिने गरी अरू नेता नभएको अध्यक्ष नेम्वाङले बताए । 'आङबो भावी मुख्यमन्त्रीको दाबेदार समेत हुन्', अध्यक्ष नेम्वाङको भनाइ छ ।

यस्तै मधेस प्रदेशबाट माओवादीले प्रत्यक्ष र समानुपातिकमा ४/४ सिट जितेको छ । प्रत्यक्ष निर्वाचित हुनेमा भरतप्रसाद साह, फकिरा महतो, युवराज भट्टराई र रहवर अन्सारी छन् । समानुपातिकमा शारदा दास पहाडी, सुनिता यादव,मालाकुमारी कर्ण र मो रजी हैदर छन् । प्रत्यक्ष र समानुपातिक गरेर माओवादीले कुल ८ सिट जितेको छ । मधेस प्रदेशको माओवादीमा संसदीय दलको नेतामा भरतप्रसाद साह नै हुने नेता विश्वनाथ साहले बताए । साह यसअघि समेत दलको नेता भएकाले पुन: उनी नै हुनसक्ने साहको भनाई छ । दलको नेतामा अरूले दाबी नगरेकाले पनि उनको सम्भावना रहेको प्रदेशका नेताहरूको भनाइ छ ।

कुल २१ सांसद भएको बाग्मती प्रदेशमा संसदीय दलका लागि नेताहरुबीच रस्साकस्सी सुरु भएको छ । माओवादी नेताहरूका अनुसार यो प्रदेशमा दलको नेताका लागि सरल सहयात्री पौडेल र सालिकराम जमरकट्टेलले आकांक्षा राखेका छन् । आफूले दलको नेता हुने इच्छा राख्नु स्वाभाविक रहेको पौडेलले बताए । उनले सर्वसम्मत नभए चुनावबाट छिनोफानो गरिने पौडेलको भनाइ छ ।

संसदीय दलको नेता नै मुख्यमन्त्री हुने भएकाले पनि यो प्रदेशमा दुई नेताबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको हो । यद्यपि गठबन्धनको भागबण्डामा मुख्यमन्त्री कसको भागमा पर्छ भन्ने टुंगो लागेको छैन । बाग्मती प्रदेशमा माओवादीले प्रत्यक्षमा १४ सिट र समानुपातिकमा ७ गरी २१ सिट जितेको छ । प्रत्यक्ष चुनाव जित्नेमा सरल सहयात्री पौडेल, युवराज दुलाल,युवराज चौलागाई, मातृकाप्रसाद भट्टराई, तारानायण श्रेष्ठ, इन्द्रप्रसाद गोतामे, शालिकराम जमरकट्टेल, जगत सिम्खडा, राधिका तामाङ, रामप्रसाद ढुंगाना, रत्न ढकाल, प्रेमबहादुर पुलामी, कुमारी मोक्तान छन् । माओवादीको चुनाव चिन्ह लिएर नेपाल समाजवादी पार्टीका नेता गंगानारायण श्रेष्ठ समेत निर्वाचित भएकाले प्रत्यक्षमा १४ सिट जितेको हो । यस्तै समानुपातिकमा देवेन्द्र श्रेष्ठ, उर्मिलाकुमारी लामा, भुवनेश्वरी श्रेष्ठ, शुष्मा भुजेल, ईश्वर सापकोटा, अमृता नेपाल रुकु चौलागाई छन् ।

यस्तै गण्डकी प्रदेशमा माओवादीले प्रत्यक्षमा ३ सिट र समानुपातिकमा ३ सिट गरेर ७ सिट जितेको छ । प्रत्यक्षमा चुनाव जित्नेमा हरिबहादुर चुमान, कृष्णप्रसाद धिताल, हरिबहादुर भण्डारी छन् । यो प्रदेशमा नेपाल समाजवादीका नेता फणिन्द्र देवकोटासमेत माओवादीको चुनाव चिह्नबाट निर्वाचित भएकाले उनी समेत माओवादी सांसदमा जोडिएका छन् । यस्तै समानुपातिकबाट कुशुम बुढा, सुशिला सिंम्खडा, दमन्ती रुचाल छन् । यस प्रदेशबाट माओवादीका सिनियर नेतामा चुमान भएकाले उनी नै दलको नेता हुने धेरैको आँकलन छ । यद्यपि यो प्रदेशबाट कुनैपनि नेताले दलको नेता हुन मुख खोलिसकेका छैनन् ।

यस्तै लुम्बिनी प्रदेशमा माओवादीले प्रत्यक्षमा ५ सिट र समानुपातिक ४ सिट गरेर कुल ९ सिट जितेको छ । प्रत्यक्षमा चुनाव जित्नेमा जोखबादुर महरा, इन्द्रजीत थारु, धन बहादुर मास्के, तुलाराम घर्ती मगर,कृष्ण केसीले जितेका छन् । माओवादीबाट बागी उम्मेदवारी दिएर दीपेन्द्र पुन, सरुल पुन र खड्ग बस्नेत निर्वाचित भएका छन् । उनीहरू समेत माओवादीमा फर्किने भएकाले प्रत्यक्षमा ८ सिट जोडिएको छ ।

समानुपातिकमा दिल कुमारी बुढा, मिना बुढामगर, कृष्णा थारु,यामबहादुर नेपाली सार्की छन् । प्रदेशको संसदीय दलको नेतामा जोखबहादुर महरा हुने निश्चित जस्तै छ । पार्टीमा महरा जत्तिको सिनियर नेता अर्को नभएकाले उनीले नै दलको नेता पाउने अवस्था छ । प्रदेशको मुख्यमन्त्री माओवादी भागमा परेमा उनै महराले नै पाउने सम्भावना रहेको नेताहरूको भनाइ छ ।

(स्रोत: रातोपाटी)


## साधारणसभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कारणवश पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी उक्त गरिमामय सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने:**

**मिति** : २०७९ पौष ९ गते ।
**स्थान** : पल्पसा सदन ।
**समय** : बिहान ११:०० बजे ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-१०, राप्तीरोड
सम्पर्क नं.: ०५७-५२३२७०, ५२३५२६

## उत्पादन बढाऔं र मितव्ययी बनौं

- उत्पादन बढाऔं र मितव्ययी बनौं ।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्‍वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
**९८४५२९०३९१, ९८५५०८५३९१**

## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालयको

### फोहोर वर्गीगरण (कुहिने र नहुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरूरी सूचना

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को नफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोततमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीलाई हार्दिक अनुरोध छ । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नुहुन अनुरोध गर्दछ । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहोर निश्काशन गर्नुहुन साथै बजार क्षेत्रमा पसल व्यवसायीहरुले आफ्नो फोहर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आउँदा मात्र फोहर निश्काशन गर्न जानकारी गराइन्छ । सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं "सफा हेटौंडा अभियान"लाई सफल पारौं ।

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

### अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना